**सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी मित्रहरु, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, किसान, मजदुर, युवा, जेष्ठ नागरिक, घाईते तथा अपाङ्गताभएका व्यक्तिहरु, उद्यमि, व्यवसायि, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा  सम्पुर्ण राप्तीबासी आमाबुवा दाजुभाई तथा दिदीबहीनीहरु।**

सर्वप्रथम, लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता योद्धाहरू, घाइते तथा अपाङ्गता भएका योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै राष्ट्र निर्माण, सामाजिक रूपान्तरण र जनताको जीवनस्तर उकास्न निरन्तर योगदान पुर्‍याउनुहुने सम्पूर्ण नागरिकहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

आज हामी निर्वाचित स्थानीय सरकारको कार्यकालको अन्तिम वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने ऐतिहासिक घडीमा उभिएका छौं। यो वार्षिक नीति तथा कार्यक्रम मात्र नभएर पाँच वर्षे यात्राको समीक्षा, उपलब्धिको आत्ममूल्यांकन र आगामी पुस्ताका लागि दिशानिर्देशन प्रस्तुत गर्ने अवसर पनि हो।

हामीले यो कार्यकालको सुरुवात गर्दा जनतासामु अनेकौं आशा, अपेक्षा र प्रतिबद्धताहरू गरेका थियौं। सीमित स्रोत, बढ्दो आवश्यकता, प्राकृतिक विपद्, आर्थिक चुनौती तथा विभिन्न कठिन परिस्थितिका बाबजुद पनि हामीले जनताको विश्वासलाई केन्द्रमा राखेर काम गर्ने प्रयास गरेका छौं। हामीले विकासलाई केवल सडक, भवन र संरचनामा सीमित राखेनौं, मानव विकास, सामाजिक न्याय, शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, सुशासन र नागरिक सम्मानलाई पनि उत्तिकै महत्व दिएका छौं।

आदरणीय राप्तीवासीहरू,

हामीले विश्वास गरेका छौं कि समृद्ध गाउँपालिकाको आधार केवल पूर्वाधार होइन, स्वस्थ नागरिक, शिक्षित समाज, आत्मनिर्भर किसान, अवसर प्राप्त युवा र सम्मानित ज्येष्ठ नागरिक हुन्। यही मान्यताका साथ हामीले स्वास्थ्य क्षेत्रमा नयाँ आयाम थप्यौं। विपन्न नागरिकको उपचारमा सहयोग गर्‍यौं, स्वास्थ्य संस्थाहरूको सुदृढीकरण गर्‍यौं, मातृ तथा शिशु

स्वास्थ्यलाई प्राथमिकतामा राख्यौं र जनस्वास्थ्यलाई अधिकारको रूपमा स्थापित गर्ने प्रयास गर्‍यौं ।

शिक्षा क्षेत्रमा विद्यालयको भौतिक सुधारसँगै गुणस्तरीय शिक्षामा जोड दियौं। शिक्षकहरूको योगदानको सम्मान गर्दै सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने कार्य प्रारम्भ गर्‍यौं । विद्यालयलाई पठनपाठनको केन्द्र मात्र नबनाएर संस्कार, सीप र भविष्य निर्माणको थलो बनाउने अभियानलाई अघि बढायौं ।

कृषि क्षेत्रलाई हामीले अर्थतन्त्रको मेरुदण्डका रूपमा लियौं। किसानको उत्पादन वृद्धि, उत्पादन साथमा अनुदान हातमा, व्यावसायीकरण, सिँचाइ विस्तार तथा बजार पहुँचलाई प्राथमिकता दिँदै आत्मनिर्भर कृषि प्रणाली निर्माणका लागि प्रयास गरेका छौं । कृषि पेशा मात्र नभएर सम्मानित जीवनयापनको आधार बन्नुपर्छ भन्ने हाम्रो मान्यता हो ।

युवाहरूलाई विदेश पलायनको बाध्यता होइन, स्वदेशमै अवसर सिर्जना गर्ने लक्ष्य सहित उद्यमशीलता, स्वरोजगार र सीप विकासका केही कार्यक्रम सञ्चालन गरिएका छन् । महिलाको नेतृत्व विकास, आर्थिक सशक्तीकरण तथा सामाजिक सहभागितामा विशेष जोड दिइएको छ । दलित, जनजाति, अल्पसंख्यक तथा पछाडि पारिएका समुदायलाई विकासको मूलधारमा ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिएका छन् ।

हामीले सामाजिक न्यायलाई विकासको केन्द्रमा राखेका छौं । सहिद परिवार, ज्येष्ठ नागरिक, मजदुर, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायप्रति राज्यको दायित्वलाई व्यवहारमा उतार्ने प्रयास गरेका छौं । किनकि विकास तब मात्र सार्थक हुन्छ, जब त्यसको प्रतिफल समाजको अन्तिम पंक्तिमा बसेको नागरिकसम्म पुग्छ ।

आदरणीय उपस्थित महानुभावहरू,

यो अन्तिम वर्षको नीति तथा कार्यक्रम विगतका उपलब्धिहरूको निरन्तरता मात्र होइन, जनताको चाहना र भविष्यको आवश्यकता सम्बोधन गर्ने मार्गचित्र पनि हो । आगामी वर्ष हामी स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, उद्यमशीलता, वातावरण संरक्षण, डिजिटल सुशासन तथा सामाजिक सुरक्षालाई अझ प्रभावकारी रूपमा अघि बढाउने संकल्प गर्दछौं ।

हामी प्रत्येक टोलमा विकासको अनुभूति, प्रत्येक घरमा आशाको उज्यालो र प्रत्येक नागरिकको अनुहारमा आत्मविश्वासको मुस्कान देख्न चाहन्छौं । विकास कुनै व्यक्ति, दल वा समूहको विषय होइन; यो सम्पूर्ण राप्तीवासीहरूको साझा सपना हो । त्यसैले हामी सबै राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत र आम नागरिकलाई विकास यात्राका सहयात्री बन्न हार्दिक आह्वान गर्दछौं ।

हामीले गल्ती नगरेका छैनौं होला, अपूर्णता पनि छन् । तर एउटा कुरा ढुक्कसँग भन्न सक्छौं, हामीले जनताको हितलाई केन्द्रमा राखेर इमानदारीपूर्वक काम गर्ने प्रयास गरेका छौ । आगामी दिनमा पनि यही प्रतिबद्धता कायम रहनेछ ।

**राप्ती गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रमले देहाय बमोजिमका विषयहरूलाई प्राथमिकता दिएको छ ।**

क. शिक्षा क्षेत्र

- शिक्षा क्षेत्रको गुणस्तर सुधार आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर अभिवृद्धि
- शिक्षक क्षमता विकास तालिम
- विद्यालय पूर्वाधार (कक्षा कोठा, शौचालय, पुस्तकालय) सुधार

ख. स्वास्थ्य सेवा सुदृढीकरण

- सबै वडामा आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार
- विशेषज्ञ डाक्टर सेवा पालिकास्तरमै उपलब्ध गराउने प्रयास
- मातृ तथा शिशु मृत्युदर न्यूनीकरण कार्यक्रम
- स्वास्थ्य बीमा र निःशुल्क उपचार कार्यक्रम विस्तार

ग. कृषि तथा पशुपालन आधुनिकीकरण

- व्यावसायिक कृषि उत्पादनलाई प्रोत्साहन

- सिँचाइ सुविधा विस्तार र माटो परीक्षण कार्यक्रम
- कृषि यान्त्रीकरण तथा अनुदान कार्यक्रम
- दूध, मासु तथा तरकारी उत्पादनमा आत्मनिर्भरता

घ. पूर्वाधार विकास

- सडक स्तरोन्नति र ग्रामीण सडक सञ्जाल विस्तार
- पुल तथा कल्भर्ट निर्माण कार्य तीव्रता
- सुरक्षित खानेपानी आपूर्ति प्रणाली

ङ. रोजगारी तथा उद्यमशीलता विकास

- युवा स्वरोजगार तथा सीपमूलक तालिम
- लघु तथा घरेलु उद्योग प्रवर्द्धन
- स्टार्टअप तथा सहकारी सशक्तीकरण
- वैदेशिक रोजगारीबाट फर्किएका युवालाई पुनःएकीकरण कार्यक्रम

च. सामाजिक सुरक्षा र समावेशीकरण

- जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा एकल महिलाका लागि विशेष कार्यक्रम
- विपन्न तथा दलित समुदाय लक्षित विकास कार्यक्रम
- सहिद परिवारको सम्मान र संरक्षण नीति

छ. सुशासन तथा सेवा प्रवाह सुधार

- डिजिटल स्थानीय शासन प्रणाली लागू गर्ने
- सेवामा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि
- नागरिक गुनासो व्यवस्थापन प्रणाली सुदृढीकरण
- वडा स्तरमै सेवा सहज उपलब्ध गराउने व्यवस्था

ज. वातावरण तथा विपद् व्यवस्थापन

- वन संरक्षण र वृक्षारोपण अभियान
- जलवायु परिवर्तन अनुकूल कार्यक्रम
- बाढी, पहिरो तथा आगलागी नियन्त्रण पूर्वतयारी
- फोहोर व्यवस्थापन र स्वच्छता अभियान

झ. पर्यटन तथा सांस्कृतिक प्रवर्द्धन

- स्थानीय धार्मिक तथा प्राकृतिक पर्यटन विकास
- सांस्कृतिक सम्पदाको संरक्षण
- होमस्टे तथा ग्रामीण पर्यटन प्रवर्द्धन
- स्थानीय कला, संस्कृति र परम्पराको जगेर्ना

**सभाका सदस्यज्युहरु,**

अब म यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## सामाजिक विकास क्षेत्र :

### शिक्षा, युवा तथा खेलकुद क्षेत्रको क्षेत्रगत नीति :

१. सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास कक्षा देखी कक्षा दश सम्म निःशुल्क शिक्षाका लागि बिद्यार्थि भर्ना शुल्क,मासिक पढाई शुल्क तथा पाठ्यपुस्तक शुल्क नलिने कार्यलाई निरन्तरता दिइनेछ । निःशुल्क शिक्षाका लागि विद्यालयलाई अनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता  दिइनेछ ।

२. बिद्यालयलाई दिईने प्रोत्साहन अनुदान र अतिरिक्त भौतिक बिकासको बजेटलाई कार्यसम्पादन र नतिजाको प्रगतिका आधार (PERFORMANCE TIED GRANTS) मा जोडिने छ ।

३. विद्यालय शिक्षामा गुणस्तर, पहुँच, समता, प्रविधिसहितको सीपयुक्त शिक्षा प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

४. SEE उत्तिण भई बिभिन्न बिद्यामा प्राबिधिक शिक्षा लिन ईच्छुक बिद्यार्थिहरुलाई छात्रबृतिको व्यवस्था गरिनेछ ।

५. सामुदायिक विद्यालयमा शिक्षकको अभाव हुन नदिन तथा रिक्त स्थानहरुमा समयमै शिक्षकको व्यवस्थापन गर्न शिक्षक बैंकको अवधारणा कार्यान्वयन गरिनेछ ।

६. सामुदायिक विद्यालयहरुको चल अचल सम्पतीको अभिलेख व्यवस्थापन, संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७. सामुदायिक विद्यालयमा निःशुल्क पाठ्यपुस्तक,छात्रवृत्ति,छात्राहरुका लागि सेनिटरीप्याड, तोकिएको कक्षाका सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रम व्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

८. बिद्यालय भित्र सक्षम बिद्यार्थिलाई कमजोर बिद्यार्थिको सिकाई सहायकका रुपमा(बिद्यार्थि साथी कार्यक्रम) परिचालन गरिनेछ, यसले सहयोगी सिकाई संस्कृतिको विकास गर्नेछ।

९. संघ तथा प्रदेश सरकारको सहकार्य र साझेदारीमा विद्यालयमा भौतिक पूर्वाधार विकास गर्दा बालमैत्री, अपाङ्गतामैत्री, सूचना प्रविधिमैत्री तथा भूकम्प प्रतिरोधी बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

१०. गाँउपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको शैक्षक गुणस्तर अभिबृद्धि गर्दै कक्षा ८ र कक्षा १० को पालिका/राष्ट्रिय परीक्षामा शत प्रतिशत नतिजा हासिल गर्न प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष संग कार्यसम्पादन करार (PERFORMANCE CONTRACT) गरिनेछ।

११. गाँउपालिका शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक बिच स्पष्ट सुचकहरु सहितको त्रिपक्षिय कार्य सम्पादन करार गरिने छ।

१२. करारनामा विद्यार्थीको नियमित उपस्थिति (न्यूनतम ९० %) त्रैमासिक परिक्षाको नतिजा सुधार, उपचारात्मक कक्षा(REMEDIAL CLASSES) सञ्चालन र शत प्रतिशत सिकाई उपलब्धिको लक्ष्य स्पष्ट रुपमा तोकिने छ।

१३. विद्यार्थीहरुको विचार समस्या आवश्यकतालाई प्रत्यक्ष रुपमा सुन्न तथा स्थानीय सरकारका योजना र सेवा बारे जानकारी दिन "विद्यार्थीसंग अध्यक्ष" कार्यक्रम सञ्चालन गरिनेछ।

१४. विद्यार्थी शिक्षक र अभिभावकको सहभागितामा कम्तिमा महिनामा एक पटक विद्यालय परिसर भित्र सरसफाई अभियान सञ्चालन गरिनेछ।

१५. प्रत्येक बिद्यालयले १००% नतिजा ल्याउनका लागि कमजोर विद्यार्थी पहिचान गरी बिषेश कक्षा सञ्चालन सम्बन्धी ठोस कार्ययोजना (ACTION PLAN) बनाई पालिकामा पेस गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

१६. कार्यसम्पादन करारका सूचाकहरु पुरा गरी शत प्रतिशत नतिजा निकाल्ने प्रधानाध्यापक, बि.व्य.स अध्यक्ष र विषय शिक्षकहरुलाई सार्वजनिक रुपमा उत्कृष्ट शैक्षिक नेतृत्व पुरस्कारद्वारा सम्मान गरिनेछ।

१७. लगातार दुई शैक्षिक शत्र सम्म सम्झौता बमोजिम न्यूनतम शैक्षिक सुधार गर्न नसक्ने प्रधानाध्यापकको जिम्मेवारी हेरफेर गरिनेछ भने वि.ब्य.स. लाई पुनर्गठनका लागि आवश्यक कदम चालिने छ।

१८. गाँउपालिकाले त्रैमासिक रुपमा विद्यालयको प्रगतिको अनलाईन र स्थलगत रुपमा अनुगमन गरिनेछ।

१९. बालबालिका तथा युवाहरुलाई स्वयंसेवि भावना, कर्तव्य परायण, अनुशासित, स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउने उद्देश्यका साथ स्काउट, NCC, आत्मरक्षा, रेडक्रस लगायतका तालिमहरु सञ्चालन गरिनेछ।

२०. कार्यसम्पादन करारलाई प्रभावकारी बनाउन प्र.अ हरुलाई नतिजामुखी विद्यालय व्यवस्थापन तथा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ।

२१. अति विपन्न, विपन्न दलित, अभिभावक गुमाएका, द्वन्द पीडित, घाइते अपाङ्गता भएका, वेपत्ता परिवार, मुक्त कमैयाका बालबालिका, मुक्त कमलरी, सहिद परिवारका बालबालिका, पारिवारिक विचलनमा परेका बालबालिकाहरुलाई पोशाक तथा स्टेशनरी उपलब्ध गराउने कार्यका लागि उपाध्यक्ष शैक्षिक सहयोग कार्यक्रम लाई निरन्तरता दिईनेछ।

२२. "मोवाइल होइन अनुभवसँग साक्षात्कार" अन्तर्गत सूचना प्रविधिको अत्याधिक प्रयोगबाट बालबालिकामा देखिएको मोबाइलको लत न्यूनिकरण गर्ने उद्देश्यले स्थानीय पाठ्यक्रममा आधारित प्रयोगात्मक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

२३. उच्च शिक्षा तर्फ प्राविधिक धारको शिक्षा सञ्चालन गर्न विश्वविद्यालयहरुसँग पहल गरिनेछ।

२४. गाउँपालिकास्तरीय खेलकुद प्रतियोगिता तथा राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई थप व्यवस्थित गर्दै सञ्चालन गरिनेछ।

२५. स्थानीय विकास, सहकारी, गरिबी निवारण, जलवायु परिवर्तन जस्ता विषयमा उच्च शिक्षा तथा विशिष्ट अध्ययन गर्ने शोधकर्ताहरुलाइ अध्ययन वृत्ती दिइनेछ।

२६. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न र विद्यार्थीहरूमा सिकाइप्रति रुचि जगाउन वार्षिक कार्यक्रमका रूपमा 'पढाई मेला' आयोजना गर्ने नीति लिइनेछ।

२७. सिकलसेल सम्बन्धी विषयलाई राप्ती गाउँपालिकाको स्थानीय पाठ्यक्रममा समावेश गरी सचेतना बढाईने छ।

२८. राप्ती गापा ४ स्थित मावि मौरीघाटमा विग स्कुल सम्बन्धी कार्य दुर्त गतिमा अगाडी बढाउन पहल गरिनेछ।

२९. पठन संस्कृतिको बिकास गर्नका निम्ति सामुदायिक पुस्तकालय स्थापना गरिनेछ।

**स्वास्थ्य सम्बन्धी नीति :**

३०. "गाँउ-गाँउमा विशेषज्ञ घर-घरमा स्वास्थ्य" अभियान सञ्चालन गरिनेछ।

३१. आरोग्य राप्ती निर्माणका लागि गाँउ- गाँउ तथा बिद्यालयहरुमा योग-साधना तथा बिद्यालयका बालबालिकाहरुका लागि SCREENING PROGRAMME सञ्चालन गरिनेछ।

३२. नसर्ने रोग (Non communicable Disease) न्यूनिकरण गर्नका लागि WORK PLACE WELLNESS PROGRAMME अन्तर्गत BMI बढि भएका जनप्रतिनिधि, DOCTOR, TEACHER, HEALTH WORKER र राष्ट्रसेवक कर्मचारीहरुलाई OBESITY TAX लगाउने कार्यको शुरुवात गरिनेछ।

३३. आधारभूत स्वास्थ्य सेवामा उपचारात्मक, प्रवर्धनात्मक, प्रतिकारात्मक, कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३४. प्रत्येक नागरिकको डिजिटल स्वास्थ्य प्रोफाईल निर्माण गरिनेछ।

३५. स्वस्थ तथा आरोग्य राप्ती निर्माणका लागि प्राकृतिक चिकित्सा, योग ध्यान तथा आयुर्वेदमा आधारित स्वास्थ सेवाको प्रवर्द्धन गरिनेछ।औषधि भन्दा जीवनशैली परिवर्तनमा जोड दिईनेछ।

३६. जेष्ठ नागरिक स्वास्थ सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ,साथै एकल तथा अशक्त जेष्ठ नागरिकको स्वास्थ्यको लागि विषेश व्यवस्था गरिनेछ ।

३७. सरुवा रोग नियन्त्रण, नसर्ने रोगको रोकथाम सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहको परिचालन प्रभावकारी गराउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. ८० वर्षमाथिका जेष्ठनागरिक, बेसहारा, अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरु, सडक दुर्घट्ना, गर्भवति तथा प्रसुति सेवाका लागि गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्था सम्म पुग्न नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४०. परिवार नियोजन,पोषण,खोप, मानसिक स्वास्थ्य साथै जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति तथा विद्यालयका बालबालिकाहरुको स्वास्थ्य जाँच तथा उपचारका लागि स्वास्थ्य शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिई सरकारी गैर सरकारी तथा निजी संस्थाको समन्वयमा थप प्रभावकारी बनाइनेछ ।

४१. स्वास्थ्यकर्मि सामुदायीक महिला स्वास्थ्य स्वयं सेविका आमासमुहको परिचालन प्रभावकारी गराउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. निजी स्वास्थ्य संस्था तथा क्लिनिकहरुको दर्ता तथा नविकरणलाई व्यवस्थित गर्न नियमित अनुगमन गरिनेछ ।

४३. प्रतिजैविक प्रतिरोध न्युनिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४४. स्थानीय रक्तदाताको सूचि तयार गरी आपतकालिन अवस्थामा तत्काल समन्वय गर्न सकिने रक्तदाता दुर्त नेटवर्क प्रणाली विकास गरिनेछ ।

४५. आमा समुह र सामुदायीक महिला स्वास्थ्य स्वयं सेविकाको प्रोत्साहनका लागि खाजा खर्च सुविधालाई निरन्तरता र सामुदायीक महिला स्वास्थ्य स्वयं सेविकाको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।साथै सामुदायीक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई कल्याणकारी कोषमा आवद्ध गरी अवकाशको क्रममा "सेवा सकिएपनि सम्झना कहिल्यै नसकिने" गरी नगद प्रोत्साहन प्रदान गरिनेछ ।

४६. आर्थिक अभावका कारण कोहिपनि नागरिक उपचार नपाएर मृत्यूवरण गर्न नपरोस भन्ने उद्देश्यका लागि "विपन्नका लागि जीवन रक्षा कोष" सञ्चालनमा ल्याईनेछ, साथै गाउँपालिकाबासीलाई स्वास्थ्य बीमा कार्यक्रममा समेटिने निति अबलम्वन गरिनेछ।

४७. गाउँपालिका भित्रका बालबालिकाहरुको पोषण स्थिति सुधार गर्न पोषण प्रबर्धनका लागि पोषण लेखाजोखा तथा स्वस्थ बच्चा प्रतिष्पर्धा कार्यक्रम एवम् प्रसुति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४८. मातृशिशु मृत्यु दरको न्युनिकरणका लागि पुर्ण संस्थागत प्रसुति पालिका सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम तथा उपाध्यक्ष कोशेली कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४९. "समयमै जाँच गरौं पाठेघरको मुखको क्यान्सर टारौं" भन्ने उद्धेश्यका साथ गाउँपालिका भित्र रहेका महिलाहरुमा बढ्दो पाठेघरको मुखको क्यान्सरलाई समयमै पत्ता लगाई न्युनिकरण गर्नका लागि कम्तिमा २ वटा स्वास्थ्य संस्थामा नियमित जाँचको व्यवस्था मिलाइनेछ।

५०. नसर्ने रोगको बढ्दो प्रकोपलाई रोकथाम तथा नियन्त्रण गर्न समुदायमा नियमित स्क्रिनिङ कार्यक्रम तथा जनचेतना अभिबृद्धी लगायतका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

५१. महामारीजन्य रोग नियन्त्रण तथा जनस्वास्थ्य प्रबर्धनका लागि स्वास्थ्य अनुसन्धान गर्ने व्यवस्था मिलाइनेछ।

५२. ७० वर्ष माथिका जेष्ठ नागरिकलाई राप्ती आधारभुत अस्पतालबाट उपलब्ध हुने सबै सेवा निशुल्क हुने व्यवस्था गरिनेछ।साथै महिला स्वास्थ्य स्वयंसेविकालाई सेवामा सहुलियतको व्यवस्था गरिनेछ।

५३. नेपाल सरकारबाट तोकिएको निशुल्क वितरण गर्ने औषधिहरु हरेक स्वास्थ्य संस्थाबाट सहजरुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ।

५४. स्वस्थकर व्यवहार र जीवनशैली, सन्तुलित पौष्टिक आहार प्रबर्धन, पत्रु खाना (JUNK FOOD) लाई निरुत्साहित गर्दै रैथाने स्वस्थकर खाना, स्वच्छ भान्सा र स्वच्छता प्रवर्धन गरी नमुना तथा स्वस्थ गाउँ गाउँटोल र शहर निर्माणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५५. बिभिन्न आन्दोलनमा सहादत प्राप्त सहिदहरुको बलिदानको सम्मान गर्दै सहिद परिवार स्वास्थ्य सुरक्षा बीमा कार्यक्रम लाई निरन्तरता दिईनेछ।

५६. EHMIS ETB PAMS V2 र SORMAS को माध्ययमबाट स्वास्थ्य कार्यक्रमको सबै अभिलेख तथा प्रतिवेदन डिजिटलाइजेशन गरिनेछ।

५७. गाउँपालिकाभित्रका बालबालिकाको पोषणस्थिती सुदृढ गर्न पोषण प्रवर्धनको लागि स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरिनेछ।

५८. गैर कानुनी तरिकाले मदिरा तथा सुर्तिजन्य पदार्थको उत्पादन,पैठारी बिक्रि लगायतको कार्यलाई नियमन र व्यवस्थित गरिने छ।

५९. राप्ती आधारभुत अस्पताल,कालापानीमा विशेष सिकलसेल वार्ड स्थापना गरिनेछ।

६०. आधारभुत अस्पतालमा अनलाईन टोकन प्रणाली सुरुवात गरी प्रविधिमैत्री सरल सेवा प्रवाह सुचारु गरिनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति :**

६१. लैङ्गिक समानता, समता, सामाजिक समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको लागि सहयोग र सशक्तिकरण सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६२. कुप्रथा, बाल विवाह, बालश्रम, दुर्व्यवहार, लागु पदार्थ दुर्व्यसनी, दाइजो प्रथा, घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय विभेद तथा यौनिक अल्प सङ्ख्यक विभेदको न्यूनिकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६३. परिवार विहिन, बेसहारा तथा जेष्ठ नागरिकलाई संरक्षणको नीति अवलम्बन गरिनेछ।

६४. बालमैत्री गाउँपालिका घोषणाका लागि सम्भाव्यता र प्राथमिकताका आधारमा बालमैत्री वडा घोषणा कार्यक्रम अगाडी बढाइनेछ।

६५. आदिवासी जनजाती, दलित, उत्पीडित समुदाय, अपाङ्गता भएका, एकल महिला, लैगिक विभेद र हिंसामा परेकाहरुको समस्या समाधान गर्न एवं सामाजिक सद्भाव र न्यायपूर्ण समाजको निर्माण गर्न पहल गरिनेछ।

६६. "काम लिई दाम दिने" भन्ने अभिप्रायका साथ जेष्ठ नागरिक एकल महिला, एकल पुरुष, अपाङ्गता भएका व्यक्तिहरुको सीप तथा क्षमताको उपयोग गरी विभिन्न घरेलु सामग्री बनाउन प्रोत्साहन गर्ने।

६७. दलित समुदायका नागरिकलाई रोजगारी, आयआर्जन तथा जीविकोपार्जनको लागि परम्परागत सीप र ज्ञानलाई उद्यमशिलतामा रूपान्तरण गरिने नीति लिइनेछ।

६८. महिला लक्षित कार्यक्रमलाई निरन्तरता दिइनेछ। लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ।

**खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी नीति :**

६९. खानेपानी तथा सरसफाईको सुनिश्चितता गर्न प्रवर्धनात्मक, संरचनात्मक र उपचारात्मक पद्धतिको अवलम्बन गरी सञ्चालन भएका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७०. सरसफाई केन्द्रलाई आधुनिक प्रविधियुक्त बनाई शून्य फोहोरको अवधारणामा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सरसफाई रनिङशिल्ड कार्यक्रम र सरसफाई डिजिटल अवार्ड लाई निरन्तरता दिइनेछ।

७१. सबै घरधुरीले उपयोग गर्ने खानेपानीको स्वच्छता परिक्षण अनिवार्य गरी स्वच्छता अभिवृद्धिका उपाय अवलम्वन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७२. स्वच्छ खानेपानीको पहुँच विस्तार हुन नसकेका क्षेत्रहरुमा स्वच्छ खानेपानीको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

७३. सबै पालिकावासीहरुलाई आधारभूत खानेपानी पूर्वाधारमा पहुँच सुनिश्चिता गर्न एक घर एक धारा नीति लिई खानेपानीको सेवा बिस्तार गरिनेछ। गाउँपालिका क्षेत्र तथा आसपासका अन्य क्षेत्रमा उपलब्ध खानेपानी तथा जलाधार क्षेत्रहरुको संरक्षण कार्यलाई विशेष ध्यान दिइनेछ।

७४. सञ्चालनमा आउन नसकेका खानेपानी आयोजना हरुलाई तत्काल सञ्चालनमा ल्याउनको लागि आवश्यक पहल गरिनेछ।

७५. फोहोरमैला सरसफाई शुल्क संकलन तथा प्लास्टिक मुक्त पालिका अभियानमा सहयोग पुर्याउने टोल विकास संस्था,खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुलाई प्रोत्साहन गरिनेछ।

७६. फोहोर उत्पादन कम गर्ने तथा पुनः प्रयोग गर्न सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

७७. खानेपानीका मूलहरु, खोल्सा खोल्सी र नदिनालामा बिना प्रशोधन फोहोर विसर्जन कार्यलाई निरुत्साहित गरिनेछ।

७८. स्थानीयस्तरमा उत्सर्जित फोहोरमैलाको सङ्कलन, वर्गीकरणका लागि टोल विकास समितिसँग समन्वय गरी अनिवार्य रूपमा कुहिने, नकुहिने र सीसाजन्य फोहोरको सङ्कलन र प्रशोधन गर्ने व्यवस्था मिलाईनेछ।

७९. कुहिने/गल्ने फोहोर संकलन गरेर प्राङ्गारिक मल बनाउने उद्योग स्थापना गर्ने समूह तथा सहकारीलाई प्रोत्साहन गरिनेछ।

**कला, संस्कृति र परम्परा प्रवर्धन सम्बन्धी नीति :**

८०. गाउँपालिका क्षेत्र भित्र प्रचलनमा रहेका आदिवासी, जनजाती (थारु, मगर, गुरुङ, कुमाल) लगायत अन्य जातीहरुका भाषा, धर्म, कला, संस्कृति, सम्पदा र परम्परालाई संरक्षण र प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ।

८१. थारु, मगर तथा गुरुङ समुदायसँग सम्बन्धित कला, संस्कृति, भेषभूषा, परिकार आदिको संरक्षण, सम्बर्धन र विकासका लागि होमस्टे, थारु सांस्कृतिक ग्राम विकास, सञ्चालन तथा पर्वद्धनलाई निरन्तरता दिइनेछ।

८२. गाउँपालिका क्षेत्रभित्र रहेका मन्दिर, मस्जिद, गुम्वा, चर्च, मरुवाथान, शवदाह स्थल/समाधी स्थल लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

८३. मगर बाहुल्यता क्षेत्रहरुलाई मगर सास्कृतिक ग्राम घोषणा गरी आन्तरिक पर्यटन प्रबर्द्धन गरिनेछ।

८४. थारु जातीकोमौलिक तथा परम्परागत संस्कार, संस्कृति, खानपानको प्रवर्धन गर्न थारु सङ्ग्राहलय स्थापना तथा सञ्चालन गरी व्यवस्थित गरिनेछ।

**न्यायिक समिति सञ्चालन सम्बन्धी नीति :**

८५. स्थानीय विवादहरु समाधान / निरुपण एवम् न्याय सम्पादन प्रक्रिया छिटो छरितो र सहज बनाउनको लागी न्यायिक पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरी हरेक वडामा स्थापना भएका मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाई मेलमिलापकर्तालाई प्रभावकारी रूपमा परिचालन गर्ने नीति लिइनेछ।

८६. विभिन्न प्रकारका हिंसा पिडितहरुलाई तत्कालीन अवस्थामा प्रदान गर्नुपर्ने सुरक्षा व्यवस्थालाई ध्यानमा राखी सञ्चालन गरिएको सेवा केन्द्र (Safe House) लाई निरन्तरता दिइनेछ।

८७. राप्तीवासीहरुको न्यायमा पहुँचको दायरा फराकिलो बनाउन समय समयमा विभिन्न जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम गरिनेछ।

८८. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको न्यायिक अधिकारको प्रयोगलाई प्रभावकारी बनाइनेछ।

८९. वडामा रहेका मेलमिलाप कर्तालाई थप क्रियाशिल बनाउने निति लिईनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति :**

९०. जन्म, मृत्यु, विवाह, बसाइँसराइ तथा सम्बन्ध विच्छेद लगायत व्यक्तिगत घटना दर्ताको पहुँच तथा गुणस्तर अभिवृद्धि गरिनेछ।

९१. बाल विवाह, बहुविवाह तथा अन्य सामाजिक विकृतिहरू न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

९२. वडा कार्यालय तथा पञ्जीकरण शाखामा डिजिटल सेवा विस्तार गरी अभिलेख व्यवस्थापनलाई आधुनिक बनाइनेछ।

९३. व्यक्तिगत घटना दर्तालाई शतप्रतिशत पुर्‍याउने लक्ष्यअनुसार,राप्ती गाउँपालिकाभित्र रहेका सबै वडाका शिक्षित वर्गलाई लक्षित गरी, जन्मेको ३५ दिनभित्र अनलाइनमार्फत घरमै बसी व्यक्तिगत घटना दर्ता गर्ने, टोकन प्राप्त गर्ने र सो टोकन वडामा पेश गर्ने सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

९४. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिकहरुका लागि, प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता प्रणालीलाई व्यवस्थित गर्न लाभग्राहीहरुलाई लक्षित प्रशिक्षण कार्यक्रम सञ्चालन लगरिनेछ।

९५. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप प्रभावकारी बनाउने उद्देश्यले, वडा र बैंकसँग सहकार्य गरी दुर्गम क्षेत्रमारहेका लाभग्राहीलाई टोल-वस्तीमै पुगेर भत्ता वितरण गर्ने कार्य गरिनेछ।

९६. स्थानीय तहमा अति विपन्न परिवार, अनाथ बालबालिका, सुविधाबाट वञ्चित तथा असक्त बेसाहारा व्यक्तिहरुको लागि सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

९७. सामुदायिक विद्यालयका शिक्षकहरु, स्वास्थ्यकर्मी तथा गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीतथा  अनौपचारिक क्षेत्रका मजदुरका लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

९८. नियमित रुपमा घटना दर्ता  तथा सामाजिक सुरक्षा सम्बन्धी शिविर संचालन गरी घटनादर्ता र सामाजिक सुरक्षाको आवद्धतालाई पुर्णता दिईनेछ।

**आर्थिक विकास सम्बन्धी नीति :**

**कृषि विकास नीति :**

९९. स्थानीय सरकारको स्वामित्वमा राप्ती कृषि हाटबजारलाई थप व्यवस्थित गर्दै आवश्यकताका आधारमा तरकारी पकेट क्षेत्रलाई मध्यनजर गर्दै थप एक  सुविधा सम्पन्न कृषि उपज संकलन केन्द्र विस्तार गरिनेछ।

१००. स्थानीय स्रोत साधनको उपयोग गरेर अर्थतन्त्रलाई बलियो बनाउनको निमित सामुदायिक बनलाई जैविक मल (बायोचार बनाउने उद्योग स्थापनाको निमित उपकरण तथा प्राविधिक सहयोग गरिनेछ।

१०१. व्यावसायिक कृषि संचालक/बजारीकरणको जिम्मेवारी लिने कृषक समूह तथा सहकारीलाई आवश्यक सहयोग गरिनेछ।

१०२. कृषकहरुले उत्पादन गरेको मुख्य बाली धानलाई खाद्य तथा व्यापार कम्पनी लि.को समन्वयमा खरीदको व्यवस्था मिलाइनेछ।

१०३. स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरणमा टेवा पुर्याउने उद्धेश्यले राप्ती कृषि तथा भेट एम्बुलेन्स सञ्चालन गरिनेछ।

१०४. विषादीयुक्त खेतीलाई विषादीमुक्त बनाउने अभियान सञ्चालन गरिनेछ।जस अन्तर्गत अर्गनिक जोन/अर्गनिक टोल/अर्गानिक वडा बनाउनका लागि अभियानहरु सञ्चालन गर्ने कृषक/समूह/कृषि सहकारी/स्वयंसेवक/व्यक्ति वा संस्थाहरुलाई प्रोत्साहन एवम सम्मान गरिनेछ।साथै टोल वा वडालाई प्रोत्साहन स्वरुप एउटा विकास योजना दिइनेछ।

१०५. "कृषकको खेतमा पानी बाह्रै महिना आम्दानी" सिंचाईको सुविधा नपुगेका खेतवारीहरुमा लिफ्ट सिंचाई/नहर तथा भूमिगत जलस्रोतको उपयोग गरी कृषि योग्य भूमिमा बाह्रै महिना सिंचाई सुविधा पुर्याउने निति लिइनेछ।

१०६. जग्गाको खण्डीकरण रोक्न "कृषि पकेट क्षेत्र" निर्धारण गरी सामूहिक तथा करार खेती गर्ने कृषक/कृषक समूह/कृषि सहकारीलाई प्रोत्साहन गरिनेछ।

१०७. प्रत्येक वडालाई एक विषेश उत्पादनमा ( एक गाँउ एक उत्पादन)पहिचान गराउने नीति लिईनेछ।

१०८. कृषिलाई व्यवसायीकरण तथा उत्पादनमा लागत कम गर्न कृषकहरुलाई यान्त्रिकणमा सहयोग गरिनेछ।

१०९. कृषि उत्पादनलाई प्रोत्साहन गर्ने निति अन्तर्गत राप्तीको बेसारलाई प्रमुख पहिचानयुक्त कृषि उत्पादनका रुपमा प्रवर्द्धन गर्ने साथै जैविक उत्पादन, प्रशोधन, ब्रान्डिङ र बजार व्यवस्थापन मार्फत मूल्य अभिबृद्धि गर्दै कृषकको आम्दानी बृद्धि र स्थानीय अर्थतन्त्र सुद्धृण गर्ने लक्ष्य लिइएको छ।

११०. उत्पादन साथमा अनुदान हातमा भन्ने कार्यका लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१११. पालिकाभित्र सक्रिय रूपमा कृषि पेशामा संलग्न कृषकको सूचीकरण गरी व्यवसायिक कृषि प्रवर्धन गर्न जोड दिईनेछ।

११२. खाद्य सुरक्षा सुनिश्चतताका लागि खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

११३. प्लाष्टिक फूलमालालाई बन्देज गरी पुष्पखेती गर्ने किसानलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

११४. "कृषकको सम्मान राप्ती गाउपालिकाको पहिचान" कृषक सम्मान कार्यलाई निरन्तरता दिइनेछ।

११५. युवा स्वरोजगार कृषि अनुदान- बैदेशिक रोजगारीबाट फर्केका वा स्थानीय बेरोजगार युवाहरुलाई कृषि तथा पशुपालन व्यवसाय शुरु गर्न स्टार्ट-अप पूँजी सहयोग गरिनेछ।

११६. राप्ती गाउँपालिकाका कृषकहरुको आकास्मिक जोखिमलाई कम गर्न बिमा कम्पनीहरु संग सहकार्य गरी बिमा कार्यलाई सहजिकरण गरिनेछ।

११७. कृषि पशुपालन तथा उद्यमिहरुको उत्पादनलाई बजारीकरण गर्न कृषि पशु उद्यम तथा रोजगार प्रदर्शनी गरिनेछ।

११८. गाँउपालिकामा दर्ता भएका कृषि/पशुपालन समूह मार्फत कृषि प्रसार कार्यलाई प्रभावकारी बनाउनका लागि प्रेरित गरिने छ।

११९. माटोको गुण अनुसार बाली र उत्पादन क्षमताको निर्क्यौल गरी बाली छनौट गरिनेछ।

**भूमि व्यवस्थापन तर्फ :**

१२०. कृषियोग्य जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै भूमि बैंकको प्रणाली मार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहीन तथा सिमान्तकृत किसानको पहुँच सुनिश्चित गरिनेछ।

१२१. स्थानीय तहबाट जग्गा प्रशासन सेवा सञ्चालन गर्न आवश्यक प्रकृया अघी बढाईनेछ।

१२२. भूमिहिन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवास्थित बसोबासीहरुको व्यवस्थापन को लागी जिल्ला भूमि समस्या समितिको समन्वयमा आवश्यक काम कार्वाही सम्पन्न गरिनेछ।छुट मुक्त कमैयालाई पुनःस्थापनाका लागि पहल गरिनेछ।

१२३. राप्ती गाउँपालिका भित्र रहेका सरकारी, सार्वजनिक जग्गाको अतिक्रमण हुन नदिन लगत संकलन तथा सर्वेक्षण गरी संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।

१२४. कृषिको व्यवसायिकरण तथा यान्त्रीकरणलाई जोड दिई भूमिको महत्तम उपयोग गरी कृषि उत्पादन बढाई खाद्य सुरक्षा सुनिश्चित गर्न जग्गाधनीहरुको सहभागितामा आधारित चक्लाबन्दी कार्यक्रम लागु गर्न किसान प्रोत्साहन कार्यक्रम अवलम्वन गरिनेछ।

१२५. मुक्त कमैया र कमलहरीमा पहिचान गरी परिचय पत्र वितरण गरिनेछ।

१२६. भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान गरी जग्गाधनी पुर्जा वितरणका लागि आवश्यक पहल गरिनेछ।

**पशुपन्छी तथा मत्स्य विकास नीति :**

१२७. पशुजन्य पदार्थको उत्पादन बृद्धि तथा स्वस्थकर पशुजन्य उत्पादन (दुध, अण्डा, माछा, मासु), उपलब्ध गराउन पशुपन्छी उपचार केन्द्र मार्फत निशुल्क पशु उपचार तथा भ्याक्सिनेशन कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुध, अण्डा, माछा र मासुलाई बजारीकरणमा प्राथमिकता दिई निर्यात गर्न प्रोत्साहन गरिनेछ। पशुपन्छीजन्य रोग तथा परजिवी पहिचानका लागि गुणस्तरिय प्रयोगशाला सेवा सञ्चालन गरिनेछ।

१२८. दाङ देउखुरीको बधिया भाले भनेर पहिचान कायम भएको कुखुराको बधिया भाले उत्पादनलाई प्रवर्द्धन तथा बजारीकरणमा प्रोत्साहन स्वरुप प्रदान गरिने अनुदानलाई निरन्तरता दिईनेछ।

१२९. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई कृषक तथा गाउँपालिकाको साझेदारीमा थप व्यवस्थित गरी सञ्चालन गरिनेछ।

१३०. पशुजन्य उत्पादनमा उत्पादन लागत कम गर्नका लागि घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुलाई अनुदानमा घाँसको विउ उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

१३१. "उत्पादन साथमा अनुदान हातमा" कार्यक्रमलाई निरन्तरता दिदैँ दुग्ध उत्पादक कृषकहरुलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ।

१३२. स्थानीय बजारमा मासुको माग पुरा गर्न तथा निर्यात समेत प्रवर्द्धन गर्नका लागि मासुका लागि पाडापालन कार्यक्रम सञ्चालन गरिने छ।बाख्रा पकेट क्षेत्रमा बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. प्राणघातक रेविज रोगवाट वचाउन तथा ZERO BY THIRTY कार्यक्रमलाई मुर्तरुप दिन तथा सामुदायिक कुकुरहरुको संख्या न्यून गर्न रेविज भ्याक्सिनेसन तथा कुकुर वन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३४. पशु कल्याण अन्तर्गत छाडा पशुलाई पशु वृद्धाश्रममा राखि व्यवस्थापन गर्न कालिका सामुदायिक बन समुहलाई उपलब्ध गराईदै आएको आहार सहयोग तथा गोठालो सहयोग कार्यलाई निरन्तरता दिईनेछ।

**श्रम, रोजगार, उद्यमशिलता, उद्योग वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र सम्बन्धी नीति:**

१३५. "राप्तीका युवा र महिला, उद्यमशीलतामा पहिला" भन्ने मूल नारालाई मुर्तरुप दिन बेरोजगार युवाहरुका लागि सीपयुक्त र स्वरोजगारमूलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ।

१३६. "सिप हातमा रोजगारी साथमा" – गाउँपालिकामा रहेका बिद्यालय शिक्षाबाट वन्चित भएका वा बिभिन्न कारणले बिद्यालय शिक्षाको पहुच नपाएका तथा बैदेशिक

रोजगारीबाट बेरोजगार रहेका युवाहरुलाई कोरिया नेपाल बहुप्राबिधिक शिक्षालय संगको सहकार्यमा सिपमुलक व्यवसायिक तालिम सञ्चालन गरिनेछ।

१३७. युवाहरुलाई विकास निर्माण,वृक्षारोपण, तथा सामाजिक कार्यमा स्वयंसेवकको रुपमा परिचालन गरिनेछ।

१३८. युवाहरुको वैदेशिक रोजगारीमा जाने दरलाई न्यूनिकरण गर्न आन्तरिक रोजगार प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१३९. वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन पहल गरिने छ। त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई संघ, प्रदेश र स्थानिय तहको साझेदारीमा व्यवस्थित ढंगले सञ्चालन गरिनेछ।

१४०. गाउँपालिकाका बासिन्दालाई वैदेशिक रोजगार लक्षित सीप, जीवन बिमा, सामाजिक सुरक्षासहित गाउँपालिकाबाट श्रम स्वीकृति गराई वैदेशिक रोजगारीमा जाने व्यवस्था मिलाइनेछ।

१४१. वैदेशिक रोजगारबाट फर्किएकाहरुको सीप, पुँजी र प्रविधिको उच्चतम प्रयोग गरी पालिकाको आर्थिक वृद्धिमा टेवा पुर्‍याइनेछ। यसका लागि आवश्यक कार्यक्रम तथा नीति व्यवस्था गरी पुनः एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१४२. गाउँपालिकाभित्र बसोबास गर्ने नागरिकको लागि वित्तीय पहुँच वृद्धिका लागी गाउँ गाउँमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

१४३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यविधि २०८२ अनुसार लघु उद्यम विकास कार्यक्रम समुदायको इच्छा चाहना र माग स्रोत सर्वेक्षणको आधारमा सञ्चालन गरी नयाँ उद्यमी सिर्जना र पुराना उद्यमीको स्तरोन्नती तालिम मार्फत गरिबी निवारण गर्न पहल गरिनेछ। उत्कृष्ट उद्धमिहरुलाई प्रोत्साहन गरिनेछ।

१४४. गाँउपालिकामा लगानी मैत्री वातावरण सिर्जना गर्ने अवधारणा स्वरूप Invest in Rapti को अभियान सञ्चालन गरिनेछ।

१४५. साझेदारीमा स्थापना भएको युवा व्यावसाय सेवा केन्द्र **(Youth Business Incubation Service Center)** लाई युवाहरुको व्यावसाय, उद्यमशीलता,

सहजीकरणका लागि आर्थिक तथा प्राविधिक टेवा दिने भरपर्दो र विज्ञ केन्द्रका रूपमा विकास गरिनेछ।

१४६. पालिकाभित्र रहेका ऐतिहासिक गढी, लेक, धार्मिक, पर्यटकिय क्षेत्र संरक्षण, संवर्धन र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१४७. सम्भाव्यता अध्ययन भैसकेका साहसिक पर्यटन अन्तरगत देविकोटमा प्यारागलाईडिङ, राप्ती नदिमा बोटिङ, र्याफ्टीङ, जस्ता साहसिक खेलहरु सञ्चालन गर्ने निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१४८. स्थानीय पर्यटन बिकास, स्वस्थ जिवनशैलीलाई प्रोत्साहन, रोजगारी सिर्जना र प्राकृतिक सम्पदाको संरक्षणलाई टेवा पुर्याउने उद्धेश्यले धार्मिक एवं पर्यटकीय गन्तब्यहरुलाई जोड्ने पद-मार्ग (Walking trail) निर्माण तथा मर्मत कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

१४९. Make in Rapti कार्यक्रमलाई निरन्तरता दिइनेछ। वनमा आधारित उद्योग स्थापनाका लागि सामुदायिक वन र स्थानीय सरोकारवालाहरुको साझेदारी कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

१५०. गाउँपालिकास्तरीय सहकारीहरुको नियमित तथा सघन अनुगमन मार्फत आम निक्षेपकर्ताहरुको संकलन भएको पुँजी, कर्जा लगानीको सुरक्षाका लागि पहल गरिनेछ।

१५१. सहकारी संस्थाको अनुगमनलाई थप प्रभाकारी बनाईनेछ,श्रम सहकारी मार्फत उद्यमशिलता पर्वद्धन गर्ने नीति लिईनेछ।

१५२. थारु, मगर लगायत अन्य समुदायको भेषभुषा कला संस्कृतिको जगेर्ना गर्न साँस्कृतिक पर्दशनी केन्द्र स्थापना गरिनेछ।

**पूर्वाधार विकास सम्बन्धी नीति :**

१५३. सडक पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको सडक यातायात गुरुयोजना अनुरूप लुम्बिनी प्रदेश सरकार तथा संघीय सरकारको सहकार्यमा निर्माण कार्य सञ्चालन गरिनेछ।

१५४. राजधानी सहरका रूपमा विकास हुँदै गरेको राप्ती गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भवन लगायतका अन्य संरचनाहरुको दिगो, भुकम्प प्रतिरोधी, अपाङ्गतामैत्री,

वातावरण मैत्री, बालमैत्री भवन संरचना निर्माणका लागि गाउँपालिकाबाट स्वीकृत भएको भवन निर्माण तथा योजना मापदण्ड आधारमा कार्यान्वयन गरिनेछ।

१५५. पूर्वाधार निर्माणमा अधुरो आयोजनालाई विशेष प्राथमीकतामा राखी आगामी आ.व. मा निर्माण सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

१५६. दुर्गम क्षेत्रका सडकहरुलाई बाह्रै महिना एम्बुलेन्स लगायतका अत्यावश्यक सवारी साधन सञ्चालन हुने गरी व्यवस्था गरिनेछ ।

१५७. राप्ती चक्रपथ आयोजनाको निर्माण कार्य  लाई निरन्तरता दिईनेछ ।

१५८. राप्ती गाउँपालिका भित्र रहेका सडक सञ्जाल हरुको स्तरोन्न्ती तथा मर्मत कार्यलाई निरन्तरता दिईनेछ ।

१५९. राप्ती गाउँपालिकामा रहेका खेतीयोग्य जमिनमा सिचाँई सेवा पुर्‍याउन पुराना बोरिङहरुको मर्मत सुधार, प्रगन्ना सिचाई आयोजनाको नहरबाट खेतीयोग्य जमिनसम्मका सिचाँई नहर निर्माण गर्न पहल गरिनेछ ।

१६०. हालसम्म पनि विद्युतको पहुँच नपुगेका वस्ती तथा टोलमा  विद्युत बिस्तार गरिनेछ ।

१६१. "दिगो विकासको आधार, साझेदारीमा पूर्वाधार" भन्ने नारालाई आत्मसात गर्दै सडक कालोपत्र योजनाका लागि न्यूनतम ३०% सहलगानी सहितका योजनाहरु सञ्चालन गरिनेछ ।

१६२. उपभोक्ता समिति/ श्रम सहकारी मार्फत सञ्चालन गरिने योजनाहरुमा गरिदै आएको १० % जनश्रमदानको प्रावधानलाई यथावत नै रहने गरी योजना सञ्चालन गरिने नीति लागु गरिनेछ ।

१६३. जनश्रमदानमा आधारित विकास निर्माणमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१६४. स्थानीय स्रोत साधनको उच्चतम प्रयोग गरी पालिकाभित्रका सम्पूर्ण सडकहरु संघ र प्रदेश सरकारको समन्वयमा क्रमशः कालोपत्रे, पक्की र सबै मौसममा सञ्चालन गर्न सकिने गरी स्तरोन्नती गरिनेछ ।

१६५. Nature, Culture, Agriculture, Infrastructure को अन्तर सम्बन्धलाई ख्याल गरी उत्थानशिल पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१६६. स्मार्ट स्थानीय शासनको अवधारणा अनुसार राप्ती गाउँपालिका भित्र रहेका सडक सञ्जालहरुको सर्वेक्षण गरी एकीकृत नम्बरिङ र डिजिटल पहिचान प्रणाली विकाश गरिनेछ।

१६७. उज्यालो राप्ती कार्यक्रम अन्तर्गत नागरिकको सुरक्षाको लागी सडकबत्ती, सि.सि.टि.भी. जडान गरीनेछ।

१६८. पालिका भित्र निर्माण सम्पन्न हुने तहगत सरकारका आयोजनाहरुलाई अनिवार्य रुपमा योजना सम्पन्नता लिनुपर्ने व्यवस्थालाई सुनिश्चित गरिनेछ।

१६९. खरको छाना हटाउने कार्यलाई निरन्तरता दिइनेछ।

**सुशासन, संस्थागत व्यवस्थापन, सूचना प्रविधि तथा वित्तीय क्षेत्र सम्बन्धी  नीति :**

१७०. सुशासन, संस्थागत व्यवस्थापन, सूचना प्रविधि तथा वित्तीय क्षेत्र सम्बन्धी  नीति

१७१. प्रत्येक महिनामा एक दिन नागरिकका गुनासा सुझाव र समस्या प्रत्यक्ष सुन्ने (PUBLIC HEARING  DAY ) व्यवस्था गरिनेछ।

१७२. टोलस्तरमा सरसफाई सुरक्षा सामाजिक अनुशासन र विकास निगरानीको जिम्मेवारी समुदायलाई नै सुम्पने (एक टोल एक जिम्मेवारी) व्यवस्था गरिनेछ।

१७३. "बिधि पद्धति र पारदर्शिता; राप्ती गाउँपालिकाको प्रतिबद्धता"भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै, हालसम्म निर्माण भएका सम्पूर्ण ऐन-कानुनलाई संहिताबद्ध गरी नागरिकको पहुँचमा पुऱ्याइनेछ।

१७४. गाँउपालिकाको स्विकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन आर्थिक बर्षको श्रावण मसन्ता भित्र पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बिच, प्रमुख प्रशासकीय अधिकृत  र शाखा प्रमुख/ वडा सचिव बिच  र शाखा प्रमुख र मातहतका कर्मचारी बिच कार्यसम्पादन करार (PERFERMANCE CONTRACT) अनिवार्य गरिने छ।

१७५. दिगो र समतामूलक विकासको जग बसाल्न लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण(GEDSI) परीक्षण र मध्यमकालीन खर्च संरचना (MTEF) को संस्थागत अभ्यासलाई सुदृढ गरिनेछ।

१७६. "स्वस्थ बजार, सुरक्षित उपभोक्ता" को नीतिअनुरूप सघन अनुगमन र सचेतना मार्फत उपभोक्ता अधिकारलाई पूर्ण रूपमा प्रत्याभूत गरिनेछ।

१७७. "जनताको मुहारको उज्यालो नै सुशासनको वास्तविक मापन हो" भन्ने शाश्वत मान्यताका साथ, गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणको प्रभावकारिता जाँच्न 'नागरिक सन्तुष्टि सर्वेक्षण' सञ्चालन गरिनेछ र प्राप्त जन-पृष्ठपोषणलाई मार्गदर्शक सिद्धान्त मानी समग्र सेवालाई थप चुस्त, दुरुस्त र परिणाममुखी बनाइनेछ।

१७८. असोज मसान्तभित्र ८० प्रतिशत योजनाको उपभोक्ता समिति गठन र सम्झौता गरिसक्ने व्यवस्था मिलाईने छ।

१७९. नियमानुसार दर्ता तथा सिफारिसका लागि आएका फाईलहरु तोकिएको समय भित्र फर्छौट हुने व्यवस्था मिलाईनेछ।

१८०. कार्यसम्पादन करार गर्दा प्रत्येक कर्मचारिले आफ्नो वार्षिक कार्ययोजनालाई मासिक कार्यतालिका तयार गरी कार्यसम्पादन गरिने व्यवस्था अनिवार्य गरिने छ।

१८१. प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा सबै शाखा र वडा कार्यालयहरुको कार्यप्रगतीको अवस्था (रातो, पहेलो र हरियो संकेत सहित) हेर्न मिल्ने डिजिटल प्रोग्रेस ट्र्याकिङ ड्यासबोर्ड स्थापना गरिने छ।

१८२. हरेक ३ महिनामा कार्यसम्पादन करार बमोजिम काम भए नभएको प्रगती समिक्षा पालिका अध्यक्षको अध्यक्षता गरिनेछ। लक्ष्य पुरा नगर्ने शाखा वा कर्मचारी संग स्पष्टिकरण मागिने छ।

१८३. कार्यसम्पादन मूल्यङ्कनमा ९० प्रतिशत भन्दा बढि अंक ल्याउने कर्मचारीलाई महिनाको उत्कृष्ट कर्मचारी घोषणा नगद पुरस्कार वा आन्तरिक अध्ययन भ्रमणमा प्रथामिक दिईनेछ।

१८४. करार अनुसार तोकिएको समयमा बिना ठोस कारण ५० प्रतिशत पनि काम सम्पन्न नसक्ने शाखा वा कर्मचारीलाई स्पष्टिकरण लिईनेछ।

१८५. पालिकालाई स्मार्ट, सक्षम र जनमैत्री बनाउने लक्ष्यसहित सूचना तथा सञ्चार प्रविधिमा आधारित एकीकृत शासन प्रणाली विकास गरी सेवा प्रवाहलाई सरल, पारदर्शी र प्रभावकारी बनाइनेछ । भौगोलिक सूचना प्रणाली (GIS) मार्फत योजना तर्जुमालाई वैज्ञानिक, कृत्रिम बौद्धिकता (AI) मार्फत सार्वजनिक सेवालाई द्रुत र गुणस्तरीय, साइबर सुरक्षामार्फत नागरिकका डिजिटल तथ्याङ्कलाई सुरक्षित तथा डिजिटल साक्षरता कार्यक्रम मार्फत प्रत्येक नागरिकलाई डिजिटल युगको सक्रिय सहभागी बनाइनेछ । सार्वजनिक बेतार इन्टरनेट सेवा (Wi-Fi) को विस्तार तथा डिजिटल पूर्वाधार सुदृढीकरणद्वारा "एक क्लिकमा सेवा" को अवधारणालाई साकार पारिनेछ।

१८६. विधिको शासन, उच्च अनुशासन र कुशल व्यवस्थापन मार्फत समग्र सुशासन कायम गर्ने नीति अवलम्बन गरिनेछ।

१८७. गाउँपालिकाबाट वर्षभरी उत्कृष्ट कार्य गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्ता समिति, निर्माण व्यवसायी, करदाता, सञ्चारकर्मी, कृषक, टोल विकास संस्था र नमुना उद्यमी लगायतलाई विशेष अवसर पारेर सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१८८. "मुस्कान सहितको सेवाः जनतालाई टेवा" भन्ने मर्मलाई आत्मसात गर्दै सबै प्रकारका समुदाय, तह, क्षेत्र र क्षमता भएका व्यक्तिलाई समानुपातिक समभावको दृष्टिले सेवा प्रवाह गरिनेछ।

१८९. जनतासँग स्थानीय सरकारको अवधारणा कार्यान्वयन गर्न जनतासँग जनप्रतिनीधि कार्यक्रम, हटलाइन सेवा, हेल्प डेक्स र हेलो राप्ती सरकारलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

१९०. सार्वजनिक वित्तीय जवाफदेहिता प्रवर्द्धन गर्न आ.व २०८३/०८४ लाई बेरुजु फर्स्यौट वर्षको रुपमा प्राथामिकता दिईनेछ।

१९१. "जहाँ जनता त्यहीँ सेवा" भन्ने मान्यतालाई आत्मसात गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै जनताको घरदैलोमा सेवा पुर्‍याउने उद्देश्यकासाथ गाउँपालिकाले प्रदान गर्ने सबै प्रकारका सेवाहरु समेटी एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ।

१९२. पालिकाका हरेक सूचना डिजिटल माध्यबाट प्रवाहलाई थप प्रभावकारी  बनाईनेछ।

१९३. सिचाई लगायत आयोजना कार्यान्वयन गर्दा अनिवार्य रुपमा गाउँपालिका संग समन्वय गर्नुपर्नेछ।

**वन, वातावरण, विपद व्यवस्थापन र हरियाली प्रवर्धन सम्बन्धी नीति :**

१९४. विपद जोखीमलाई न्यूनिकरण गर्नका लागि पालिकाभित्रका सम्भावित जोखिमको नक्साङ्कन गरी प्रभावकारी योजना निर्माण गरी प्राथमिकताको आधारमा संघ तथा प्रदेश सरकारसँग योजना कार्यक्रम माग गरी कार्यान्वयन गरिनेछ।

१९५. सामुदायिक र कबुलीयती वनको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। जैविक विविधता र वन सम्पदाको अभिलेख तयार गरी संरक्षण योजना लागु गरिनेछ।

१९६. Green Rapti Clean Rapti भन्ने नाराकासाथ हरियाली प्रवर्धन तथा वृहत वृक्षारोपण अभियान समुदायस्तरसम्म सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१९७. खाली क्षेत्रहरुमा बाँस, मुज, डालेघाँस, फलफूल, जडिबुटी खेतीलाई प्रवर्धन गर्दै वनलाई समृद्धिको स्रोतको रूपमा उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१९८. राप्ती नदी लगायतका राप्ती गाउँपालिकाभित्रका नदी, ताल, पोखरी क्षेत्रका माछा तथा जलचरहरुको संरक्षण तथा नियमनको नीतिलाई निरन्तरता दिइनेछ।

१९९. नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमीनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाइ प्राथमिकता दिइनेछ।

२००. विपद व्यवस्थापनका लागि एक वडा एक खुला एव सुरक्षित क्षेत्र पहिचान गरिनेछ। उदार, राहत र पुनःस्थापनाका कार्यहरुमा एकद्वार प्रणाली अवलम्बन गरिनेछ।

२०१. जलवायु अनुकूलन **(Adaptation)** र न्यूनीकरण **(Mitigation)** का लागि आवश्यक पूर्वाधार, जस्तैः जलस्रोतको संरक्षण र पुनःभरण योजना, वर्षा पानी संकलन प्रणाली **(Rainwater Harvesting),** स्थानीय ताल, पोखरी, इनार, पँधेराको संरक्षण, खोला/नदी नियन्त्रण तथा विपद् व्यवस्थापनसँग सम्बन्धित कार्य सञ्चालन गरिनेछ।

२०२. सार्वजनिक भवनमा सौर्य प्यानल हरित यातायातको प्रवर्द्धन, साइकल मार्गको निर्माण, विद्युतीय सवारी साधनमा सहुलियत, फोहोर व्यवस्थापनमा सुधारसँग सम्बन्धित कार्य गरिनेछ।

२०३. आगलागीका घटनाहरु रोकथाम गर्नका लागि दमकलको सुविधालाई निरन्तरता दिइनेछ।

२०४. एक वडा एक द्रुत प्रतिकार्य टोली गठन गरीनेछ, हरेक प्राकृतिक विपत्तीमा उक्त टोलीलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२०५. नदिजन्य पदार्थको जथाभावी उत्खनन् लाई रोकी वैज्ञानिक र वातावरणिय मापदण्डको पूर्णरुपमा पालना गरी कानुन बमोजिम गरिनेछ।

**स्थानीय आर्थिक तथा राजस्व परिचालन सम्बन्धी नीति :**

२०६. संविधान तथा प्रचलित कानून अन्तर्गत स्थानीय तहलाई प्राप्त कर तथा गैरकर राजस्व अधिकारलाई ब्यवस्थित गर्न कर तथा गैरकर राजस्व सम्बन्धी ऐन तर्जुमा गरी कार्यान्वयन गरिने छ।

२०७. राजस्व प्रशासन प्रणालीलाई व्यवस्थित, पारदर्शी र सुदृढ बनाउन र राजस्व ऐन कार्यान्वयनका लागि आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२०८. राजस्व प्रशासनलाई पूर्ण रूपमा प्रविधिमैत्री र पारदर्शी बनाउन करदाता पहिचान, करयोग्य सम्पत्ति निर्धारण, आम्दानी तथा वस्तु र सेवाको मूल्याङ्कन, कर निर्धारण, कर बिजक जारी, गुनासो व्यवस्थापन र कर भुक्तानी लगायतका समग्र राजस्व प्रशासन चक्र (Revenue Administration Cycle) मा वैज्ञानिक तथा डिजिटल प्रणाली अवलम्बन गरिनेछ।

२०९. राजस्व नीति कार्यान्वयन गर्न वार्षिक बजेट र कार्यक्रमलाई मार्गदर्शन गर्ने बजेटका सिद्धान्त र प्राथमिकता (Principles and Priorities) तथा गाँउपालिकाको स्रोत र साधनको परिचालनलाई थप पारदर्शी र व्यवस्थित बनाउन वस्तुगत विश्लेषणका आधारमा स्थानीय आर्थिक क्रियाकलाप बढाउने गरी बजेट विनियोजन गरिनेछ।

२१०. राजस्व भुक्तानी प्रणालीलाई सुरक्षित, पारदर्शी र प्रविधिमैत्री बनाउन "शून्य नगद कारोबार" (Zero Cash Handling) को नीति अवलम्बन गरिनेछ । यस अन्तर्गत विद्युतीय (अनलाइन) माध्यमबाट कर तथा दस्तुर भुक्तानी गर्ने र सबै वडा कार्यालयहरूबाट अनिवार्य रूपमा अनलाइन रसिद जारी हुने एकीकृत व्यवस्था मिलाइनेछ ।

२११. करदाता र स्थानीय सरकार बीचको सम्बन्धलाई सुमधुर बनाउन नागरिक समाज, निजी क्षेत्र, स्थानीय सङ्घ-संस्था तथा सम्बद्ध सरोकारवालाहरूसँग आपसी समन्वय कायम गरिनेछ । साथै, राजस्वको दायरा विस्तारका लागि सबैको सहभागितामा कर शिक्षा तथा कर सङ्कलन अभियान सञ्चालन गरिनेछ ।

२१२. नदीजन्य पदार्थको उत्खन्न संकलन तथा विक्री वितरणलाई प्रचलित कानून अनुसार हुने गरी प्रभावकारी रूपमा व्यवस्थित गरिनेछ ।

२१३. चालु खर्चलाई मितव्ययी र वाञ्छित सीमाभित्र राखी पुँजीगत खर्चलाई प्राथमिकता प्राप्त क्षेत्रमा समयमै खर्च गर्ने प्रणालीको विकास गरिनेछ ।

२१४. हाम्रो कर हाम्रै विकासका लागि भन्ने मूल अभिप्रायका साथ करदाता शिक्षालाई टोल तहसम्म सञ्चालन गरी करको दर र दायरालाई वैज्ञानिक र प्रगतिशिल तुल्याउँदै स्वचालित कर प्रणालीको विकास गरिनेछ ।

२१५. स्थानीय कर प्रशासनलाई थप सुदृढ र व्यवस्थित गर्दै राजस्व चुहावट र नियन्त्रणलाई प्रभावकारी तुल्याइनेछ। स्थानीय तहको राजस्व संकलन तथा परिचालन प्रभावकारी रूपमा गर्न राजस्व सुधार योजनामा उल्लेख भएका विषयलाई क्रमश कार्यान्वयन गरिनेछ ।

२१६. राप्ती गाउँपालिका भित्र स्थापना हुने र भएका उद्योगले कम्तिमा २० जनालाई प्रत्यक्ष रोजगारी दिने ठूला उद्योग तथा व्यावसायलाई स्थापनादेखि तीन वर्षसम्म व्यावसाय करमा ५० प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिइनेछ ।

२१७. व्यवसाय दर्ता भई नविरकरण नभएका व्यवसायीलाई एकपटकका लागि नविकरणमा शुल्कमा छुट गरी नविरकरणका लागि प्रोत्साहन गरिनेछ ।

अन्त्यमा, यस नीति तथा कार्यक्रम निर्माणमा सुझाव दिनुहुने सम्पूर्ण नागरिक, विषयगत समिति, कर्मचारी, विकास साझेदार तथा सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमलाई सफल कार्यान्वयन गर्न सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू तथा राप्ती‍वासी नागरिकहरूको रचनात्मक सहयोग, सुझाव र साथको अपेक्षा गर्दछु।

**"समृद्ध राप्ती निर्माणको आधार – स्वस्थ नागरिक, गुणस्तरीय शिक्षा, आत्मनिर्भर अर्थतन्त्र र सामाजिक न्यायसहितको सुशासन।"**

**धन्यवाद !**

**प्रकाश बिष्ट**
**अध्यक्ष**
**राप्ती गाउँपालिका, दाङ**